कर्णाली प्रदेश सरकार
उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
जाजरकोट

## मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।११।०४

कर्णाली प्रदेश सरकारले गरिव, बेरोजगार तथा विपन्न दलितको परम्परागत पेशा वा व्यवसायलाई आधुनिकीकरण गर्दै आय आर्जन क्षमता विकास गर्न देहायका कार्यक्रम सञ्चालन गर्न लागेको हुँदा यस कार्यक्रममा सहभागी हुन चाहने **जाजरकोट** जिल्ला भित्रका इच्छुक दलित, दलित समुदाय तथा दलितलाई वित्तीय पहूँच सेवा दिन इच्छुक सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र देहाय बमोजिमका कागजात संलग्न राखी **उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट**मा आवेदन दिनुहुन मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन नियमावली, २०८० को नियम ८ को उपनियम (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम | आवश्यक लाभग्राही संख्या |
|---|---|---|---|
| १ | सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रम | | |
| २ | वित्तीय पहुँच सहयोग कार्यक्रम | | |

**आवश्यक कागजात:**

१. सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रमका लागि आवश्यक कागजात :

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) सम्बन्धित निर्वाचन क्षेत्रभित्र कम्तीमा छ महिना अगाडि देखी बसोबास गरेको, समान प्रकृतिको कार्यक्रमबाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानीय तहको सिफारिस,

(ग) नियमावलीको अनुसूची-१ बमोजिमको व्यावसायिक योजना, लागत साझेदारी प्रस्ताव, व्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(घ) नियमावलीको अनुसूची-३ बमोजिमको परियोजना प्रस्ताव,

(ङ) पेशा, व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेशिन, उपकरण वा पूर्वाधार निर्माणको व्यावसायिक प्रस्ताव,

(च) दलितलाई सङ्गठित गरी सामूहिक रुपमा उत्पादन तथा आय आर्जनका क्रियाकलाप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण सम्बन्धी आयोजना प्रस्ताव,

(छ) सीप अभिवृद्धि तालिम प्राप्त गरी रोजगारीमा आवद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागि आयोजना प्रस्ताव,

(ज) लाभग्राहीलाई सङ्गठित गरी सामुहिक स्तरमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी, साझेदारी उद्योग वा व्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव,

(झ) समूहगत लाभग्राहीको हकमा प्रत्येक समूहमा फरक फरक घरपरिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समूहको निर्णयको प्रतिलिपी र सदस्यको नामावली,

(ञ) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिवद्धता ।

२. वित्तीय पहुँच सहयोग कार्यक्रमका लागि आवश्यक कागजात :

(क) सहकारी संस्थाको संस्था दर्ता प्रमाणपत्र, विनियम, पछिल्लो लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) नियमावलीको अनुसूची-१ बमोजिमको व्यावसायिक योजना र अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,

(ग) सहकारी संस्थाको साधारण सभा वा सञ्चालक समितिबाट बिउपुँजी रकम प्राप्त गरी आय आर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको निर्णयको प्रतिलिपी,

(घ) सहकारी संस्थाको कार्यक्षेत्र, वित्तीय क्षमता, शेयर सदस्य संख्या र संगठानात्मक संरचनाको विवरण खुलेको कागजात,

(ङ) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिवद्धता ।

३. <u>बित्तीय पहुँच सहयोग कार्यक्रमका लागि ब्यक्तिले पेश गर्नुपर्ने कागजात:</u>

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) अनुसूची-३ अनुसारको आवेदन ।

(ग) नियमावलीको अनुसूची-१ बमोजिमको ब्यवसायिक योजना, लागत साझेदारी प्रस्ताव, सम्बन्धित पेशा ब्यवसायको तालिम लिएको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्त प्रमाणपत्रको प्रतिलिपी ।

(घ) पेशा व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेसिन, उपकरण वा पूर्वाधार निर्माणको व्यवसायिक प्रस्ताव ।

(ङ) समूहगत लाभग्राहीको हकमा प्रत्येक समूहमा फरक फरक घरपरिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समूहको निर्णयको प्रतिलिपी र सदस्यको नामावली ।

(च) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिवद्धता ।

...............
थिर कुमार न्यौपाने
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय,
खलंगा, जाजरकोट
फोन नं. : ०८९-४३००३४
मो. नं. : ९८५८०८००३४